जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ९६ २०८१ साल कात्तिक २४ गते शनिबार (9 Nov. 2024 Saturday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

### डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

*यस अंक भित्र :* २ पृष्ठमा : सामा चकेवा पर्व: दिदी-बहिनी... ३ पृष्ठमा : जलवायु परिवर्तन प्रभावको ... ३ पृष्ठमायुक्रेनी अपार्टमेन्टमा भएको..

# कृषि विश्वविद्यालयको खातामा करोडौं रकम रहेकोले कामकाजमा बाधा पर्दैन : मुख्यमन्त्री सिंह



**दैनिक समाचारदाता**
**राजविराज, २३ कात्तिक ।**

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मधेश प्रदेश कृषि विश्वविद्यालयको खातामा अहिले पनि २५/३० करोड रहेका कारण काममा कुनै वाधा नपर्ने बताएका छन् ।

शुक्रबार गृहजिल्ला सप्तरी सदरमुकाम राजविराजमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले यस्तो बताएका हुन् ।

विगतमा प्रक्रिया मिचेर विश्वविद्यालयको रजिष्टार नियुक्ति गरिएको भन्दै उनले त्यहा काममा भन्दा पनि कमिशनको खेल बढी हुने गरेको दोषारोपन समेत गरे । उनले विश्वविद्यालयका लागि १० लाख मात्र न्युन बजेट छुट्याइएको विषयमा कर्मचारीले गरेको त्रुटीका कारण यस्तो हुन गएको स्पष्ट पनि पारे ।

विगतका सरकारको पालामा प्रक्रिया नपुऱ्याई गरिएको नियुक्तिका कारण पनि काम गर्न अफठ्यारो भइरहेको भन्दै मुख्यमन्त्री सिंहले विगतका कमिकमजोरी सुधारका लागि आफू छानबिनमा समेत लागेको जानकारी दिए ।

सोही पत्रकार सम्मेलनमा संचारकर्मीहरुले राखेको जिज्ञासामा सरकार परिवर्तनको हल्लामा कुनै सत्यता नरहेको उनले बताए । विभिन्न दलको सहभागितामा बनेको वर्तमान सरकारमा आपसी विश्वास र समन्वय रहेको दाबीका साथ उनले सरकारमा जानका लागि कुनै दलले प्रयास गर्दैमा सरकार नढल्ने उनको दाबी थियो ।

सात वर्षसम्म सरकारको नेतृत्व गरेको जसपा नेपालतर्फ लक्षित गर्दै उनले फेरी पनि सत्तामा जान चाहनु आश्चर्य नरहेको भन्दै बलियो बहुमतका साथ रहेको आफ्नो नेतृत्वको सरकारलाई केही फरक नपर्ने जिकिर गरे ।

जनताका समस्यालाई मध्यनजर गर्दै काम गर्नका लागि आफ् नेतृत्वको सरकार लागि परेको दाबीका साथ उनले विभिन्न दलको सहभागिता रहेका कारण मिलाएर लैजाने क्रममा चाहे जतिको गति प्राप्त गर्न नसकेको समेत बताए ।

प्रदेशमा रोजगारी सृजनाका लागि आफूहरुको ध्यान केन्द्रित रहेको बताउँदै उनले महिलालाई समेटेर कृषि क्षेत्रको आधुनिकीकरण र रोजगारी उपलब्ध गराउने योजना रहेको जानकारी समेत दिए । मधेश प्रदेशमा रहेको साक्षरताको न्यून अवस्थालाई उकास्न शिक्षा नीति तयारी गर्ने र सोही अनुसार अघि बढ्ने योजना समेत मुख्यमन्त्री सिंहले सुनाएका छन् ।

पत्रकार महासंघ सप्तरीका सभापति श्रवण कुमार देवको अध्यक्षतामा उक्त पत्रकार सम्मेलनको आयोजना गरिएको थियो ।

# उदाउँदो सूर्यलाई अर्घ्य अर्पणसँगै छठ सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २३ कात्तिक ।**

उदाउँदो सूर्यलाई अर्घ्य दिँदै छठपर्व सम्पन्न भएको छ । चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने यस पर्वको चौथो दिन शुक्रबार बिहान तराईका सप्तरी, महोत्तरी, धनुषा, सिरहा, सुनसरी, मोरङ, सर्लाही, रौतहट, बारा, पर्सासहित देशभरिका जलाशयमा उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै छठपर्व सम्पन्न भएको हो ।

पारिवारिक सुख, शान्ति, समृद्धि, रोगबाट मुक्ति तथा मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठका अवसरमा पोखरी, नदी, तलाउमा श्रद्धालु भक्तजनको भीड लागेको थियो । बर्तालुले अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर सूर्योपासनाको यो पर्वको प्रारम्भ गरेका थिए ।

त्यस्तै पर्वको दोस्रो दिन बुधबार खर्ना मनाएका थिए । खर्नाका दिन बर्तीहरूले दिनभरि उपवास निराहार बसेर राति षष्ठीका देवीलाई आगमनको निम्तो दिँदै कूलदेवताको पूजा गरेका थिए र राति अरवा अरबाइन (बिना नुन हालेको) खानेकुरा खाएका थिए ।

त्यस्तै षष्ठीका दिन अर्थात् बिहीबार साँझ गहुँ र चामल ओखल जाँतो वा ढिकीमा कुटान पिसान गरी सोबाट निस्केको पीठोबाट बनाइएका विभिन्न गुलियो खाद्य सामग्री ठकुवा, भुसवा, खजुरिया, पेरुकियाजस्ता पकवान र विभिन्न फलफूल तथा मुला, गाँजर, बेसारको गाँहो, भोगटे, ज्यामिरी, नरिवल, सुन्तला, केरा नाइलो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती, ठूलो ढाकीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवं लोकगीत गाउँदै निर्धारित जलासय नजिक बनाएको छठघाटसम्म पुगेका थिए ।

षष्ठीका दिन बिहीबार साँझ बर्तीले सन्ध्याकालीन अर्घ्यका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दुर लगाएर अक्षेता फूल हालेर अन्य अर्घ्य सामग्री पालोपालो गरी अस्ताचलगामी अर्घ्य अर्पण गरेका थिए ।

# २०४८ का ब्याजीहरुले गरे शिक्षक शिक्षिकालाई सम्मान




**दैनिक समाचारदाता**
**राजविराज, २३ कात्तिक ।**

पब्लिक बिन्देश्वरी माध्यमिक विद्यालय राजविराजबाट २०४८ मा एसएलसी उत्तिर्ण भएका विद्यार्थीहरुले मित्रमिलन समारोहको आयोजना गरेको छ ।

विद्यालयको भौतिक विकासदेखि शैक्षिक उन्नतीमा टेवा पुऱ्याउने उद्देश्य राखेर २०४८ का ब्याजीहरुले सो समारोहका आयोजना गरेका हुन् ।

समारोहमा विद्यालयका तत्कालिन शिक्षकहरु रामकृष्ण झा, नथुनी दास, रामबल्लभलाल कर्ण, उमेश सिंह, मिना ठाकुर, मन्जु श्रेष्ठ, अरुण झा र हरिनारायण देवलाई सम्मान गरिएको सहभागी दिपक कुमार गुप्ताले जानकारी दिए ।

यसैगरि विद्यालयका सहायक प्रधानाध्यापक किशोर कुमार चौधरी र कार्यालय सहयोगी बेचनलाई समेत सम्मान गरिएका उनले बताए ।

समारोहमा उहिलेको शिक्षा र अहिलेको शिक्षाबारे चर्चा गर्दै तत्कालिन विद्यार्थीहरुले विद्यालयको भौतिक निर्माणमा सहयोग गर्ने जनाउँदै विद्यालयको स्तरोन्नीका साथै शैक्षिक क्षेत्रमा सुधारका लागि सहयोग गर्ने प्रतिवद्धता समेत जनाए ।

# अमेरिकामा मनाइयो छठ

अमेरिका, २३ कात्तिक (रासस) ।

नेपालका तराई क्षेत्रमा महत्वका साथमा मनाइने छठपर्व अमेरिकामा पनि मनाइएको छ । नेपालीको बाहुल्यता रहेको अमेरिकाका न्यूयोर्क, मेरिल्याण्ड, भर्जिनिया, टेक्सास, क्यालिफोर्निया, पेन्सलभेनिया, ओहायोलगायत राज्यमा स्थानीय मन्दिरमा गएर नेपालीले छठपर्व मनाइएका हुन् ।

मेरिल्याण्डको जर्मनटाउनमा रहेको नेपाल एजुकेशन एण्ड कल्चरल सेन्टरले संयोजन गरेको छठ पर्वमा बिहीबार साँझ सन्ध्याकालमा अर्घ दिने नेपालीको बाक्लो उपस्थिति थियो । आयोजकका अनुसार स्थानीय समय अनुसार बिहान

*बाँकी अन्तिम पृष्ठमा*

**खुशीको खबर ! खुशीको खबर !! खुशीको खबर !!!**

**राजविराजबाट सिरहा माडरसम्मको आरामदायी यात्राका लागि**
सिरहा रोड राजविराजस्थित राम मन्दिरदेखी बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुलाकी सडक हुँदै सिरहा माडरका लागि यही कात्तिक २३ गतेदेखी **विंगर** संचालन भएको जानकारी गराइन्छ ।

**सम्पर्क व्यक्ति**
**गुलाब यादव**
सम्पर्क नं. ९८०५९००५११

# सामा चकेवा पर्वः दिदी-बहिनी दाजुभाइबीच स्नेहपूर्ण वातावरणको अनुभूति

**शीतलप्रसाद महतो**

काठमाडौं, २३ कात्तिक (रासस)।

दिदी-बहिनीद्वारा दाजुभाइको दीर्घायु, आरोग्य र ऐश्वर्य प्राप्तिको कामना गरिने पर्व हो, सामा चकेवा। तराई मधेसमा प्रत्येक साँझ अहिले धार्मिक परम्पराअनुसार हर्षोल्लासका साथ यो पर्व मनाइँदैछ। यो पर्व कात्तिक महिनाको द्वितीयादेखि पूर्णिमासम्म मनाइन्छ। द्वितीया तिथिका दिन दिदी-बहिनीले यो पर्वका लागि माटोको आकृति बनाउने कार्यको थालनी गरी छठ पर्वको खरना वा पारणदेखि पात्रहरुको आकृति बनाउने कार्यलाई तीव्रता दिने चलन छ।

पूर्वी तराई र मधेस प्रदेशको प्राचीन सामाजिक, पारिवारिक संस्कार र परम्परालाई इङ्गित गर्ने यो पर्व लोकनाट्यको एउटा रूप हो, जसमा महिला सूत्रधार र पात्रमा माटोका मानव, पशु र चराको आकृति हुन्छन्। छठ पर्वको खरना (पञ्चमी) का दिन मूर्तिहरूलाई सेतो बनाउनका लागि अरूवा चामलको लेपन गरिन्छ। त्यसपछि सुहाउँदो र इच्छानुसारका रङ्गहरू प्रयोग गरी सामालाई सिंगारिन्छ। हरिबोधिनी एकादशीभन्दा पूर्व सम्पूर्ण सामग्री बनाइ सकिन्छ। तराई भेगमा घरघरमा माटोको मूर्तिहरू बनाउनुलाई महिलाको मूर्तिकलाप्रतिको चाख र कौशल प्रदर्शन गर्ने माध्यमको रूपमा पनि लिइन्छ। दाजुभाइ दिदी-बहिनीको प्रेम मुख्य आधार भएको यस पर्वले भाइ-बहिनी र पति-पत्नीको अमर प्रेम, समर्पण, उत्सर्ग र श्रद्धा प्रदर्शित गर्दछ।

यो पर्व बालिकाहरूको भए पनि युवती र प्रौढहरू उत्साहपूर्वक खेल्ने गरेको देखिन्छ। छठ पर्वको खरना वा पारणदेखि तराईका महिलाले माटोको आकृति बनाइ राति एउटा ढक्कीमा राखी दीप बालेर घरबाट बाहिर अन्य साथी मिलेर गीत गाउँदै चौरमा गई यो पर्व मनाउने गर्दछन्।। यो पर्वमा 'सामा' स्त्री पात्र अर्थात् दिदीबहिनी र 'चकेवा' पुरूष पात्र अर्थात् दाजुभाइलाई बुझाउँछन्। दुईटैलाई चराका रूपमा माटोको बनाइएको हुन्छ। त्यस्तै अन्य पात्र पनि माटोकै बनाइन्छ। यसमा सामा चकेवालगायत चुगला (कुरौटे), ढोलिया, भरिया, सतभइया, खञ्जनचिडैया, वनतीतर, झाँझी कुत्ता, भैया बटतकनी, मलिनियाँ र वृन्दावनलगायतका पात्र हुन्छन्। सामा चकेवा पर्व मनाउँदा दाजुको प्रशंसा तथा चुगला (कुरौटे) भन्ने पात्रलाई गाली दिने खालका गीत गाएर बहिनीहरू मनोरञ्जन गर्दछन्।

परम्परागत विश्वासका आधारमा चौरमा सामा चकेवालाई शीत र दुबो खुवाउने चलन पनि छ। चौरमा सबै महिला आस-आफ्नो डाला एक ठाउँमा राखी चारैतिर वृत्ताकारमा बस्दछन्। यस पर्वमा पतिपत्नीका बारेमा कुरा लगाउने प्रवृत्तिका मानिसको प्रतीक 'चुगला' र कुचोको मसाल बनाई गाउँ/टोल घुमाउँदै सार्वजनिकस्थलमा लग्छन्। त्यहाँ पहिले कुचोको मसालमा आगो बाल्ने र त्यसपछि त्यही मसालबाट चुगलाको जुँगामा आगो सल्काइ ढडाउने चलन छ। कुरौटे र फटाहा प्रवृत्तिका व्यक्तिले समाजमा जरा गाड्न नपाओस् भन्ने सन्देश दिन र समाजमा दाजुभाइको सम्बन्ध सधैं सुमधुर बनाइराख्न चुक्ली (कुरौटे) लगाउने प्रवृत्तिका मानिसको प्रतीक 'चुगला'को जुँगा ढडाउने गरिन्छ।

सामा चकेवा पर्वमा माटोको आकृति बनाएर दिदी-बहिनीले मनोवाञ्छित फल प्राप्तिका कामना गर्दछन्। मूर्तिलाई चलायमान गरी सम्वादको आनन्द उठाउँछिन्। यसमा कुनै बेला वृन्दावनमा आगो लगाउँछिन् र कुनै बेला कुरौटेको मुख आगोले पोल्छिन्। डालामा राखिएका सबै माटोका मूर्तिहरू त्यत्ति बेला जीवन्त भएर आउँछन्, जब महिला त्यसलाई पात्रका रूपमा उभ्याएर गीति संवाद बोल्छन्।

'गामके अधिकारी तोहे बरका भैया हो,
भैया हातदश पोखरी खुनाइ दिय,
चम्पा फूल लगाइ दिय
सामचको सामचको ऐहा हो, ऐहा हो, गुँढ खेतमे भसिया हो'

अर्थात् गाउँको अधिकारी मेरो दाजु, दश हातको पोखरी खनिदिनुस्, चम्पा फूल लगाइदिनुस्, सामचको आउनु, उखु खेतमा भासिनु) यी लगायतका गीत गाएर सामा-चकेवा खेल्ने तथा समूह मै सबैले सबैको दाजुभाइको लागि दिदिबहिनीले दीर्घायुको कामना गर्ने गर्छन्। राति खाना खाइसकेर एउटा बाँसको चोयाबाट निर्मित डालोमा सामा (बहिनी), चकेवा (भाइ), चुगला (कुरौटे), वृदावन (झगडिया) र सात भाइको माटोको मूर्ति बनाएर त्यसमा दियो बाली समूहमा घरको आँगनमा वा बाटोमा गई ध्यानमग्न भई दिदीबहिनीहरुले यस्तो सुरिलो स्वर घन्काउँछन्:

गङ्गा रे जमुनवा कि हो चिकन माटी,
आरे कोरी दिए सवके।
भैया गङ्गा वैसी, माटी बनाए दिए सबके
मौजी, सामा जोर चकेवा हेर,
खेलल लागल सवको बहिनो।

समाज र परिवार जहाँ हुन्छ, त्यहीं कुरा लगाउने, षड्यन्त्र गर्ने प्रवृत्तिका मानिसजस्ता पात्र हुन्छ। कठपुतली नृत्यको आभास दिने यो पर्वमा डोरीले हैन, हातले सञ्चालन हुन्छन् र महिला सूत्रधारका रूपमा जीवनका गाथा लोकधुनको आधारमा गाउँछिन् जसमा अपूर्व र विशिष्ट शैलीको जनजीवनकै उद्वेग प्रवाहित भइरहेको हुन्छ। महिला जब आ-आफ्नो घरबाट डालामा मूर्ति राखी सामा खेल्न चौरतिर निस्किन्छन् तब उनी गाउँछिन्:

डालाले बहार भेली, बहिनी से पलाँ बहिनो
फलाँ भइया लेल डाला छीन, सुनु गे राम सजनी।

यो गीत गाएर चेलीबेटीले दुवो र चामल लिएर डालोमा भएको सबै मुर्तिहरु माथि छर्किदिन्छन्। यसरी हाँसो ठट्टा, मनोरञ्जन र गीत गाउँदै मनाउने यो पर्वमा सामा र चकेवाबीचको प्रेम र स्नेहलाई भताभुङ पार्न खोज्ने आरोप लगाउँदै नौ दिनसम्म चुगला र वृदावन (झगडिया) लाई गीत गाउँदै जलाइन्छ। दिदीबहिनीले दाजुभाइलाई आशिष दिँदै यस्तो गीत गाउँछन्:

'जीव जीव' जीव की मोर भैया जीव'
कि तोर भैया जीव
जैसन धोवियाके पाठ तैसन भैयाक पीठ
जैसन करडिक थम्ह तैसन भैयाक जाँघ'

अर्थात्, मेरो दाजुभाइ वर्षौंवर्षसम्म बाँचुन्, धोबीले लुगा धुने धाटजस्तै पिठ्यूँ र करडिकको बोटजस्तै तिघ्रा बलियो होस्। जब चुगला (कुरौटे) को बारी आउँछ, त्यसलाई बायाँ हातमा समाति त्यसको जुँगा भनी राखिएको सनपाट (जुट) मा दाहिने आगो लगाउँदै निभाउँदै महिला यस प्रकारको गीत गाउँछिन्:

'धान-धान-धान, भइया कोठी धान
चुगला कोठी भुस्सा।'

यो गीतमा प्रतीकात्मकरूपमा भैयाकोठी धान र चामल भनी भाइको समृद्धिको कामना गरिन्छ भने कुरा लगाउने दुष्ट प्रवृत्तिको कोठीमा भुसा र खरानी भएको देखाएर तिरस्कृत र लाञ्छित गर्ने काम गरिएको छ। सम्पन्नतासँगै भाइ वीर र योद्धा पनि छन्। वृन्दावनमा आगो लाग्दा निभाउने कोही नभएको अवस्थामा बहिनीलाई भाइमाथि विश्वास भएको गीत यसरी गाइन्छ:-

'वृन्दावनमे आगि लागै कोइ ने मिझावे हे
हमर भैया फलना भैया दौडि-दौडि मिझावे हे।'

यस पर्वमा दिदीबहिनीले मनोवाञ्छित फल प्राप्तिका कामनाका साथै मार्मिक, मनोरञ्जक एवं मर्मस्पर्शी गीति संवाद बोल्छन्:

कानि खिजि चिठिया लिखौलनि
फलाँ बहिनो भैजौलनि हजामका हाथ
चिठिया दिहन्हि हो भैया, फलाँ भैयाके हाथ
भेला घोडा पर सवार बाबाक सम्पतिया हो भैया
भतिजबा के ओ आस हम परदेशिन हो भैया
सिन्दुरवा केर हो आस।

यो गीतमा बहिनीले भाइलाई हजाममार्फत पत्र पठाउँछिन्। भाइ पत्र पाउनेबित्तिकै घोडामा सवार भई सिन्दुर र टिकुलीसहित बहिनी कहाँ आउँछन्। बहिनीले मसँग धनसम्पत्ति पर्याप्त छ, मलाई तपाईंसँग मेरो सिन्दुरको रक्षाको आशा मात्र छ भनी उल्लेख गर्नुले भाइबहिनीको शाश्वत प्रेमलाई दर्साउँछ। मानवीय संवेदनाका गहकिला पक्ष समेट्दै मौखिक परम्परामा जीवित रहँदै आजसम्म जीवन्त प्रस्तुति भइरहेको सामा-चकेवा पर्व विशिष्ट सांस्कृतिक सम्पदा हो। दाजुभाइ दिदी-बहिनीको प्रेम मुख्य आधार भएको यस पर्वले भाइ-बहिनी र पति-पत्नीको अमर प्रेम, समर्पण, उत्सर्ग र श्रद्धा प्रदर्शित गर्दछ। सामा चकेवाको विसर्जनको बेलाको गीत मर्मस्पर्शी हुने गरेको छ:

'सामचको, सामचको अइह हे
जोतल खेतमे बइसिह हे।'

पूर्णिमाका दिन सामा चकेवालाई अर्को वर्ष फेरि कुड खेतमा आई बस्नु है भन्दै सबै माटोका पात्रको विसर्जन गरिने चलन छ। परम्पराअनुसार अन्तिम गीत गाइसकेपछि सामा चकेवा र सात भाइलाई भसाइन्छ भने चुगला (कुरौटे) र वृदावन (झगडिया) लाई पूर्णरुपमा जलाएर खेतमा गाडिन्छ। यो विधि सकेपछि त्यहीँ सबै दिदीबहिनीहरुले आ-आफना दाजुभाइलाई पठाएको मिठो परिकार खुवाई घर फर्कन्छन्। सामा चकेवा पर्वले दिदीबहिनी र दाजुभाइबीचको स्नेहपूर्ण वातावरणको अनुभूति दिन्छ:-

आवह सामा, आवह चकेवा हे अपन देश
भाइ मोर हे आशीष दैह
जीबह भाइ लाख बरीस
हमर सामा हे कार्तिक मास।

पूर्वी तराई र मधेस प्रदेशका दिदीबहिनीले सामा चकेवा पर्वलाई निक्कै मन पराउँछन् भने सबैले माइतीमा गएर यो पर्व मनाउने इच्छा राख्दछन्। सोहीअनुरुप यस पर्वमा टाढाटाढाबाट दिदीबहिनी सामा चकेवा खेल्नका लागि आ-आफ्ना माइतीमा जाने गर्दछन्।

**यसरी सुरु भयो सामा चकेवा पर्व**

मधेसमा सामा चकेवाको प्रचलन प्राचीनकालदेखि नै रहेको पाइन्छ। यसको सर्वप्रथम चर्चा पद्म पुराणमा पाइन्छ। यो पूर्णरूपमा भाइबहिनीको प्रेममा आधारित छ। भाइको वीरता, उदारता र प्रशंसाको वर्णन, बहिनीको अदभुत भ्रातृत्व प्रेमको चित्रण, चुगला गर्नेहरूको प्रतीक चुगला प्रवृत्तिको निन्दा, सामाको ससुराल जाने प्रसंगको मार्मिक क्षणजस्ता गीति सम्वाद र अभिव्यक्तिको छोटो कथातत्व बोकेको गीति संरचना छ।

पद्म पुराणमा उल्लेख भएअनुसार श्यामा र बृन्दावनका एक कुमार चारुबक्य मायाको बन्धनमा बाँधिएका हुन्छन्। राज्यका महासामन्त चूडक पनि श्यामालाई प्रेम गर्दछन्। तर श्यामाले अस्वीकार गरिदिंदा चूडकले कृष्णलाई श्यामाको सतित्व सम्बन्धमा झूटा कुराहरू लगाइदिन्छ। त्यसपछि कृष्णले आफ्ना छोरी श्यामाको सतित्वमाथि शंका गरी चरी बन्ने सराप दिन्छन्। चारुबक्य श्यामाको वीरह व्यथाले महादेवको तपस्या गरेर चकेवा बन्न पुग्छ र दुवै प्रेमी चकेवा चकेवीको रूपमा वृन्दावनमा बस्न थाल्दछन्।

यस घटनाको समयमा राज्य भ्रमणमा निस्केका कृष्णका छोरा साम्ब फर्केर राजधानी आएपछि यी सबै कुरा सुनेर बाबुसँग क्षुब्ध भई बहिनी श्यामा र चारुबक्यलाई पुनः मनुष्य बनाउन वृन्दावन गई तपस्या गर्न थाल्छन्। श्यामाले चरी बन्ने सराप पाएपछि चूडकको नाम फेरेर चुगला राखिदिनुका साथै सबैले चुगलाको मुख झोस्न्छेन् भनि दिएको श्रापबाट रिसाएर चूडकले वृन्दावनमै आगो लगाइदिन्छ। आगो लगाएकै बेला वृन्दावनमा भयानक आँधीसँगै पानी पर्न थाल्छ। आँधीका कारण एउटा रूख ढल्दा चूडक किचिएर मर्छ। यसपछि भगवान् विष्णु साम्बाप्रति खुसी भई श्यामा र चारुबक्यलाई पुनः मनुष्य बनाइदिन्छन्। यसरी सोही दिनदेखि 'सामा◀ ¶ -चकेवा'को पर्व प्रचलित भएको मान्यता रहिआएको छ। सामा-चकेवा पर्वमा श्यामा र चारुवक्यको चरारूपमै पूजा गर्ने गरिन्छ। भाइले सामा फुटाल्नुको अर्थ चराको जुनीबाट मुक्ति दिलाउनु हो भनिन्छ। श्यामा र चारुबक्य शब्दको पछि अपभ्रंश भई सामा र चकेवा नाम प्रचलित हुन गएको हो। यो पर्व रमाइलो गरी मनाइने हुँदा यसलाई सामा खेल पनि भनिन्छ।

स्कन्द पुराणअनुसार श्यामा (सामा) र चकेवा पति-पत्नी हुन्। श्यामाका पिता कृष्ण छन् भने पति चारूवक्य (चकेवा)। चारूवक्य आश्रममा वस्दथे। श्यामा आफ्ना पतिलाई भेट्न आश्रम गइरहँदा चुगला (कुरौटे) ले कृष्णकहाँ गइ चुक्ली लगाए-श्यामा कुनै मुनिसँग प्रेम गर्छिन रे! कृष्ण रिसाएर श्राप दिई चरा बनाइदिए। भाइ सम्बलाई जब यो थाहा भयो, उनी छटपटिन थाले। बुवासँग अनुनयविनय गरे। केही सीप लागेन। अनि तपस्या शुरू गरे। कात्तिक पूर्णिमाका दिन तपस्या पूर्ण भयो र वरदानमा बहिनी श्यामा (सामा)को पूर्वरूपमा पाए। त्यसैले बहिनीद्वारा भाइका लागि यो पर्व मनाउने गरिन्छ। यता चारूवक्य पत्नी वियोग सहन गर्न नसकेर तपस्याकै भरमा चकेवाका रूपमा चरा हुन पुगे। चरा भएकी पत्नी सामासँग बस्न थाले। त्यसै क्रममा उनीहरूको बास रहेको वृन्दावनमा विरोधीले आगो लगाए। उठीबास गर्न धेरै प्रयत्न गरे तर अन्ततः आफ्नो तपस्या र पराक्रमले उनीहरू पुनः मानवरूपमा अवतरण भएको आख्यान रहेको छ।

द्वापरयुगदेखि चली आएको सामा-चकेवा पर्व केवल मधेस प्रदेशमा मात्र होइन, नेपालका पूर्वी तराईका भेगका थारु जनजातिले पनि हर्षोल्लास र विशेष उत्साहका साथ मनाउने गर्दछन्। हरेक वर्ष छठ पर्वको एक दिन पहिलेदेखि पूर्णिमासम्म नियमित नौ दिन दाजुभाइ हुने र नहुने दिदी बहिनीहरुले आफ्ना दाजुभाइको लामो आयु, सुस्वास्थ्य र प्रगतिको कामना गर्दै यो पर्व मनाउने गरिन्छ। पूर्णिमाका तिथिमा नजिकैको पोखरी वा नदीमा सामा चखेवा भसाउने (विसर्जन) गरेपछि यो लोकपर्वको समापन गरिन्छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# जलवायु परिवर्तन प्रभावको असर विदेशी पर्यटक चरामा

**विवेक मिश्र**
मोरङ, २३ कात्तिक (रासस)।

हिउँद सुरु भएसँगै जाडो छल्न पर्यटक चरा नेपाल आउने गर्छन्। चैत अन्तिमसम्म जाडो छल्न नेपालमा रहने विदेशी पर्यटक चरामा पछिल्लो समय जलवायु परिवर्तनको प्रभाव देखिन थालेको छ।

जलवायु परिवर्तन प्रभावका कारण आवास परिवर्तन, खाद्य चक्रको परिवर्तन, प्रवासनको समय परिवर्तन, रोग र परजीवीहरूको वृद्धिलगायत समस्याले आगन्तुक चरामा असर पुगेको देखिन्छ। उपयुक्त वातवारण अभावमा आगन्तुक पर्यटक चराको सङ्ख्यामा कमी देखिन थालेको कोशी टप्पु लर्निङ ग्राउण्ड्समा कार्यरत प्राकृतिक पदप्रदर्शक चरा जानकार अनिश तिम्सिना बताउनुहुन्छ। "जलवायुको असरसँगै सरकारी निकायबाट चरा तथा वन्यजन्तुको उचित बासस्थान साथै आहाराको व्यवस्थापन आवश्यक छ", तिम्सिना भन्नुहुन्छ।

सिमसारलगायत चराको उपयुक्त बासस्थानमा विभिन्न किसिमका मिचाहा वनस्पतिलाई व्यवस्थित गरी रैथाने प्रजातिका वनस्पतिको संरक्षणमा सबै लाग्नुपर्ने चरा जानकार तिम्सिना बताउनुहुन्छ। खेतबारीमा लगाइएको अन्नबालीमा बढ्दो विषादी प्रयोगले चरालाई सङ्कट बढ्दै गएको हुँदा सबै सरोकारवाला निकायको त्यसतर्फ ध्यान जान जरुरी रहेको तिम्सिनाको भनाइ छ।

कोशीटप्पु वन्यजन्तु आरक्ष चराको राजधानीजस्तै मान्ने गरिन्छ। देशभरि पाइने आठ सय ९५ चरामध्ये हाल यहाँ पाँच सय ३५ चरा फेला परिसकेका छन्। कोशी बर्ड सोसाइटीको अगुवाइमा भएको जलपक्षी गणना सन् २०२३ मा कोशीटप्पु वन्यजन्तु आरक्षमा ५८ प्रजातिका १३ हजार छ सय ६८ को सङ्ख्यामा चरा आएको तथ्याङ्क छ। "नेपालमा पाइने सबै प्रजातिका चरा पनि वर्षभरि नै नेपालमा रहन्छन् भन्ने हुँदैनन्", बर्ड वाचिङ क्याम्प कोशी टप्पुका सञ्चालक कुरमान मन्सुरीले भन्नुभयो, "नेपालमा हिउँदमा आउने हिउँदे आगन्तुक र वसन्त ऋतुको आगमनसँगै आउने आगन्तुक पाहुना चराको बसाइँसराइ वर्षभरि नै निरन्तर चलिरहन्छ।"

कोशी टप्पुमा बर्सेनि नयाँनयाँ प्रजातिका चरा आउने क्रम थपिए पनि विगत वर्षमाझैँ झुण्डझुण्डमा आउने चराको सङ्ख्यामा भने कमी आएको मन्सुरी बताउनुहुन्छ। उहाँका अनुसार कोशीटप्पुकै आसपासको बर्जुताल र मोरङको बेतना सिमसारमा भने अझै पनि पाहुना चरा झुण्डमै आउने गरेको पाइएको छ।

मोरङको बेलबारी नगरपालिकास्थित वेतना सिमसार वन उपभोक्ता समितिका अध्यक्ष शम्भु भट्टराईको अनुसार कोशी टप्पुमा आउने प्रायःजसो पाहुना चरा यहाँ पनि आइपुग्छन्। नेपालका विभिन्न भागबाट साथै दक्षिण भारत र साइबेरियासम्मका चरा वेतनामा मज्जाले हेर्न पाइन्छ। विशेषगरी मङ्सिरदेखि चैतसम्म विदेशी चरा यहाँ बस्ने गर्छन्। पछिल्लो समय जलवायु परिवर्तन प्रभावका कारणको कारण हुनसक्छ विगतका वर्षहरूमा जस्तो चराको झुण्ड कम देखिन्छ।

बेलबारीका जीव विज्ञान जानकार डिल्ली कोइरालाले भन्नुभयो, "उत्तरी ध्रुवमा हिमपात सुरू भएसँगै हिउँदयामको बढ्दो जाडो छल्न नेपालका तल्लो हिमाली भेग, पहाड र तराईका विभिन्न भूभाग तथा तालतलैया र नदी आसपासमा हजारौँ पर्यटक चरा बसाइँ सरी नेपालका विभिन्न सिमसार, खोलानालामा आउने गर्दछन्।" उहाँका अनुसार जलवायु परिवर्तनका कारण चराले प्रवासनको समय परिवर्तन गर्न सक्छ, जसले तिनीहरूको प्रजनन र अवतरणमा असर पार्न सक्ने साथै चरा बस्ने स्थानको तापमान र वर्षापातको ढाँचा परिवर्तन गर्न सक्छ र तिनीहरूको जन्म स्थानमा असर पार्न सक्छ।

बर्सेनि करिब एक सय ५० प्रजातिका चरा रुस, किर्जिस्तान, तुर्किस्तान, उज्वेकिस्तान, अजरवैजान, चीन, मङ्गोलियाका साथै युरोप, कोरिया तथा तिब्बती क्षेत्रबाट नेपालमा आउने गरेको तथ्याङ्क छ। करिब ५० प्रजातिका बटुवा चरा नेपालको बाटो हुँदै दक्षिणी मुलुक भारत, पाकिस्तान र श्रीलङ्कातर्फ जाने गर्छन्। जाडो छल्न आउने हिउँदे आगन्तुक चरा नेपालका प्रमुख सिमसार क्षेत्र कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बिसहजारी ताल, जगदीशपुर ताल, घोडाघोडी ताल, शुक्लाफाँटा वन्यजन्तु आरक्ष तथा कोशी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीमा नै प्रायः रहने गर्छन्।

जाडोयाममा नेपालमा बसाइँ सरेर आउने चराको अधिकांश हिस्सा हाँस प्रजातिले ओगट्छन्। अन्य प्रजातिमा सिकारी तथा मांसाहारी चरा, चाँचर, साना फिस्टा, अर्जुनक, झ्याप्सी, भद्राइ आदि पर्दछन्। दक्षिणी मुलुक र अफ्रिकाबाट हजारौँ ग्रीष्मकालीन आगन्तुक चरा बच्चा कोरल्न नेपाल आउने गर्छन्। यी चरा असोजसम्ममा आफ्ना बच्चा हुर्काएर पुरानै बासस्थानमा फर्कन्छन्। यसरी आउने करिब

***बाँकी अन्तिम पृष्ठमा***






## विश्व समाचार

### युक्रेनी अपार्टमेन्टमा भएको रूसी आक्रमणमा परी २५ जना घाइते

युक्रेन, किएभ, (रासस/एएफपी)।

युक्रेनी सहर खार्किभको एउटा अपार्टमेन्टमा भएको रूसी क्षेप्यास्त्र प्रहारबाट कम्तीमा २५ जना घाइते भएका छन्। मेयर टेरेखोभले टेलिग्राममा जनाए अनुसार १२ तले आवासीय भवनमा भएको रूसी आक्रमणले पहिलो र तेस्रो तलालाई आंशिक रूपमा क्षतिग्रस्त बनाएको र यसबाट कम्तीमा २५ जना घाइते भएका खार्किभका मेयर इगोर टेरेखोभले शुक्रबार बताउनुभएको छ। आक्रमणमा फसेकाहरूको उद्धार कार्य जारी रहेको तथा घाइतेको सङ्ख्या अझै बढ्न सक्ने जनाउँदै हालसम्म २५ जना घाइतेको पुष्टि भएको जनाउनुभएको छ। युक्रेनी राष्ट्रपतिको चिफ अफ स्टाफ एन्ड्री यरमाकले रूसले जानाजानी अपार्टमेन्टमा प्रहार गरेको आरोप लगाउँदै रूसीहरूले साना तथा ठूला मिसाइलले किएभमा आक्रमण गरिरहेको जनाउनुभएको छ।

किएभको सैन्य कार्यालयले राजधानीमा क्षेप्यास्त्र आक्रमणलाई विफल पार्न मिसाइल प्रतिरोधी प्रणालीको प्रयोग भइरहेको जनाएको छ। यस क्षेत्रका गभर्नर ओलेग किपरले ड्रोनले देशको दक्षिणमा रहेको ओडेसा र यसको उपनगरहरूमा पनि प्रहार भएको र आक्रमणबाट कम्तिमा दुई जना घाइते भएको बताउनुभएको छ। युक्रेनी अधिकारीहरूका अनुसार बिहीबार किएभलाई लक्षित गरी गरिएको अर्को रूसी ड्रोन आक्रमणले दुई जना घाइते हुनुका साथै भवनहरू क्षतिग्रस्त भएका थिए भने धेरै जिल्लाहरूमा आगो लागेको थियो। रूसले सन् २०२४ फेब्रुअरीदेखि नै ड्रोन र मिसाइलले युक्रेनको राजधानीलाई लक्षित गरी आक्रमण गरेको छ। पछिल्लो समयमा युक्रेनी अधिकारीहरूले रूसी हवाई आक्रमणहरू रोक्नका लागि आफ्ना सहयोगीहरूबाट हवाई रक्षा प्रणालीलगायतका सहयोगको अपेक्षा गरिरेका छन्।

### जेट एयरवेजलाई लिक्विडेसनमा लैजान भारतीय अदालतको आदेश

मुम्बई, २३ कात्तिक (रासस/एएफपी)।

भारतको सर्वोच्च अदालतले दिवालिया जेट एयरवेजलाई लिक्विडेसनमा लैजान आदेश दिएको छ। यो सँगै सन् २०१९ मा एक अर्ब २० करोड डलरको ऋणसहित पतन भएको एयरलाइन्सको पाँच वर्ष लामो कानूनी प्रक्रिया समाप्त भएको छ। एक समय देशको दोस्रो ठूलो एयरलाइन्स रहेको जेट एयरवेजले पाँच वर्षअघि नगद सकिएपछि र यसका विमानहरू ग्राउन्डेड भएपछि सञ्चालन रोकेको थियो र ऋणदाताहरूले सोही वर्ष दिवालिया कारवाहीमा लगेका थिए। गत वर्ष राष्ट्रिय कम्पनी कानून न्यायाधिकरणले दिवालियापन समाधान प्रक्रियाको हिस्साका रूपमा संयुक्त अरब इमिरेट्सका व्यापारी मुरारी लाल जालनसहितको खरिदकर्ता समूहलाई एयरलाइन्सको स्वामित्व हस्तान्तरण गर्न अनुमति दिएको थियो। तथापि समाधान प्रक्रिया कसरी कार्यान्वयन गरियो भन्ने बारेमा ऋणदाताहरूले उठाएका चिन्ताहरूले अदालती अपिलहरू निम्त्याएको थियो।

भारतको सर्वोच्च अदालतले बिहीबार स्वामित्व हस्तान्तरणलाई खारेज गर्दै स्वामित्व हस्तान्तरणले अधिग्रहणका लागि कानूनी सर्तहरू पूरा नगरेको र खरिदलाई अगाडि बढ्न अनुमति दिनु 'कानूनमा विकृत र अस्थिर' हुने बताएको छ। अदालतले मुम्बईको दिवालिया अदालतलाई एयरलाइन्सको सम्पत्तिको बिक्री गर्ने प्रक्रिया हेर्ने 'लिक्विडेसन सुरु गर्नका लागि आवश्यक औपचारिकताहरू' सुरु गर्न आदेश दिएको छ। विश्वको सबैभन्दा धेरै जनसङ्ख्या भएको देशको उड्डयन क्षेत्र कडा प्रतिस्पर्धी छ र खराब व्यवस्थापन, अत्यधिक लाभप्रद र प्रतिकूल बजार अवस्थाको संयोजनका कारण धेरै एयरलाइन्सहरू समस्यामा परेका छन्। ऋणग्रस्त भारतीय बजेट एयरलाइन गो फर्स्टले गत वर्ष अमेरिकी एयरोस्पेस कम्पनी प्र्याट एन्ड ह्विटनीको 'दोषपूर्ण' इन्जिनहरूलाई यसको आधा फ्लिटको ग्राउन्डिङका लागि दोष दिँदै दिवालियापन संरक्षणका लागि दायर गरेको थियो। राज्यको स्वामित्वमा रहेका बैंकहरूलाई करोडौँ डलरको ऋण तिर्न असफल भएपछि सन् २०१२ मा किङफिसर एयरलाइन्स बन्द भएको थियो। यसका मालिक बियर उद्योगपति विजय माल्या चार वर्षपछि भारत छोडेर भाग्नुभयो। उहाँ घरमा वित्तीय धोखाधडीका आरोपहरूको सामना गर्न लन्डनबाट आफ्नो सुपुर्दगीविरुद्ध लडिरहनु भएको छ।

### इजरायली फुटबल समर्थकको उद्धारका लागि विमान पठाइयो

जेरुसेलम, २३ कात्तिक (रासस/एएफपी)।

एम्स्टर्डममा भएको झडपमा इजरायली फुटबल समर्थक घाइते भएपछि प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले शुक्रबार दुईवटा उद्धार विमान नेदरल्याण्ड्स पठाउने निर्देशन दिनुभएको छ। प्रधानमन्त्री नेतन्याहुको कार्यालयले 'इजरायली नागरिकविरुद्ध भएको हिंसात्मक घटना' को कारणबारे केही बताएको छैन, तर डच सञ्चारमाध्यम एटी-फाइभले बिहीबार राति युरोपा लिगको एक खेलमा समर्थकहरूबीच झडप भएको रिपोर्ट गरेको छ। बिहीबारको खेलमा इजरायली फुटबल टोली म्याकाबी तेल-अभिभले अजाक्स एम्स्टर्डमको सामना गरेको थियो। रिपोर्टअनुसार शहरको मध्यभागमा थुप्रै व्यक्तिबीच झगडापछि भौतिक आक्रमण र तोडफोडका घटनासमेत भएका छन्। "प्रधानमन्त्री नेतन्याहूले यस भयानक घटनालाई अत्यन्त गम्भीरताका साथ लिनुभएको छ र डच सरकार र सुरक्षा बलहरूले दङ्गाकारीहरूविरुद्ध कडा र छिटो कदम चाल्न र इजरायली नागरिकहरूको सुरक्षा सुनिश्चित गर्न माग गर्नुभयो," नेतन्याहूको कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

"घटनास्थलमा ठूलो सङ्ख्यामा सुरक्षा गाडीहरू उपस्थित भइसकेका छन् भने सम्भावित थप झडपलाई मध्यनजर गर्दै थप सुरक्षाकर्मीलाई बोलाइएको छ,' विज्ञप्तिमा भनिएको छ। प्रहरी प्रवक्ताले एएनपी समाचार संस्थालाई दिएको जानकारीअनुसार घटनामा संलग्न रहेको आरोपमा ५७ जनालाई पक्राउ गरिएको छ। बिहीबार एम्स्टर्डमको प्रहरीले सामाजिक सञ्जालमा एउटा भवनबाट प्यालेस्टाइनको झण्डा च्यातिएकोलगायत राजनीतिक संलग्नताको आरोप लागेका घटनालाई मध्यनजर गर्दै विशेष सतर्कता अपनाएको जनाएको छ।

# तराई-मधेसमा छठ पर्व मनाउने शैली अझै विशेष लाग्यो : महामन्त्री थापा



पर्सा, २३ कात्तिक (रासस)।

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले तराई-मधेसको छठ पर्व मनाउने शैली अझै विशेष रहेको बताउनुभएको छ।

परिवारका सदस्यसहित शुक्रबार वीरगञ्जको घडीअर्वा पोखरीका छठघाटमा उदाउँदो सूर्यलाई अर्घ्य दिने कार्यक्रममा सहभागी हुँदै महामन्त्री थापाले तराई-मधेसको छठ पर्व सहभागी हुने रहर पहिलादेखि भए पनि यसपाली पूरा भयो भन्नुभयो। "तराई-मधेसको छठ पर्व हेर्ने पहिलादेखि नै मन थियो। हिजो साँझ सूर्य अस्ताउँदो समयमा जनकपुरको छठ हेर्ने अवसर मिल्यो। शुक्रबार उदाउँदो सूर्यका अवसरमा वीरगञ्जको छठ पर्व हेर्न पाइयो", उहाँले भन्नुभयो, "यहाँको छठ पर्व निकै व्यवस्थित र भव्य लाग्यो। एकदमै आनन्दको अनुभूति भयो।"

महामन्त्री थापाले काठमाडौँको भन्दा तराई-मधेसको छठ पर्व मनाउने शैली अझै विशेष रहेको बताउनुभयो। "काठमाडौँको कमलपोखरीमा हामी आफैँ संलग्न भएर छठ पूजा गर्न थालेको त १२-१३ वर्ष भइसक्यो। छठपर्वसँग जोडिएको विधि र उत्साहका विषयमा त जानकार नै छु", उहाँले भन्नुभयो, "विगतमा हामीले सञ्चालन गरेकाले पनि थाहा नै छ।"

महामन्त्री थापाले जनकपुर र वीरगञ्जमा छठ पर्वको आआफ्नै विशेषता रहेको पनि बताउनुभयो। "सुरुआती चरणमा वीरगञ्जको घडीअर्वा पोखरीको गेटभित्र छिर्नेबित्तिकै त सजावट देखेर आनन्द लाग्यो। यहाँ त अनुमान गरेकोभन्दा पनि धेरै आकर्षक बनाइएको रैछ", उहाँले भन्नुभयो, "काठमाडौँको कमलपोखरीमा पनि सजावट हुने गरे पनि त्यहाँकोभन्दा भव्य र सभ्य रहेको पाए।"

# 'वैदिक ज्ञान विश्वभर फैलाउन नेपालले नेतृत्व गर्न सक्छ'

काठमाडौँ, २३ कात्तिक (रासस)।

वैदिक दर्शनको ज्ञान विश्वभर फैलाउन नेपालले नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्नेमा जोड दिइएको छ।

नेपाल महर्षि वैदिक फाउण्डेशनले बिहीबारदेखि राजधानीमा आयोजना गरेको वैदिक विज्ञान र आधुनिक विज्ञान दोस्रो महासम्मेलनका वक्ताले यसमा जोड दिएका हुन्। कार्यक्रममा स्वामी ज्ञानानन्द सरस्वतीले नेपाल योग, ध्यान र शान्तिको गुरु देश बन्नसक्ने भएकाले त्यसअनुरुप काम गर्नुपर्नेमा जोड दिनुभयो। यसका लागि नेपाललाई वैदिक राष्ट्र बनाउनुपर्नेमा उहाँको पनि जोड थियो।

फाउण्डेशनका अध्यक्ष दीपकप्रकाश बास्कोटाले कृषि, आवास आदि क्षेत्र सपार्नका लागि वैदिक ज्ञानले भनेअनुसारका कर्म गर्नुपर्नेमा उहाँको जोड थियो। शुक्रबार वैदिक कृषि र शनिबार वैदिक वास्तुका बारेमा महासम्मेलनमा छलफल गराइने उहाँले बताउनुभयो।

कार्यक्रममा आचार्य राजन शर्मा (भीमसेन सापकोटा), आर्युवेदका चिकित्सक डा सरिता श्रेष्ठलगायतले नेपाललाई विश्वका देशको गुरु देश बनाउन सकिने भएकाले त्यसतर्फको यात्रामा सबैको सहयोग आवश्यक पर्नेमा जोड दिनुभयो।

महासम्मेलनको शुक्रबार कार्यक्रममा वैदिक कृषि र शनिबार वास्तुशास्त्रका बारेमा छलफल गर्ने कार्यक्रम रहेको जनाइएको छ। राजधानीको भृकुटीमण्डपमा विश्व कल्याणका लागि अतिरुद्र महायज्ञ बिहीबारदेखि सुरु भएको छ। फाउण्डेसनको आयोजनामा भएको कार्यक्रममा वैदिक विज्ञान र आधुनिक विज्ञानका बारेमा प्रस्तुतिसहितका कार्यक्रमका बारेमा छलफल भएको उहाँले बताउनुभयो।

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल दैनिक १० घण्टा बन्द हुने

काठमाडौँ, २३ कात्तिक (रासस)।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टीआइए) शुक्रबारदेखि करिब पाँच महिना दैनिक १० घण्टा बन्द हुने भएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का अनुसार विमानस्थलको स्तरोन्नतिका लागि शुक्रबारबाट दैनिक १० घण्टा उडान बन्द गरेर विस्तारको काम गर्न लागिएको हो।

प्राधिकरणअन्तर्गतको हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाले विमानस्थलको दक्षिण-पश्चिमतर्फ समानान्तर 'ट्याक्सीवे', उत्तरतर्फको 'इन्टरनेशनल एप्रोन' र विमानस्थलको पूर्वतर्फको 'ह्याङ्गर एप्रोन'लगायत विस्तार गर्नेछ। यी काम पूरा गर्न रु १५ अर्ब खर्च हुने आयोजनाले जनाएको छ। स्तरोन्नतिका क्रममा राति १०:०० देखि बिहान ८:०० बजेसम्मका सबै उडान कटौती हुनेछन्। हाल विमानस्थल बिहान ६:०० बजे खुलेर राति २:०० बजेसम्म सञ्चालन हुँदै आएको थियो।

आयोजना प्रमुख दीपेन्द्र श्रेष्ठले टीआइएको धावनमार्गसँगै समानन्तर हुने गरी ट्याक्सीवे बनाउन लागिएको छ। उहाँले उडान सुरक्षामा कुनै खतरा उत्पन्न नहोस् भनेर उडान बन्द गरिएको उल्लेख गर्नुभयो। नेपालमा हाल तीन अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा छन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थापनाको ७४ वर्षपछि भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएका हुन्।

मुलुकको जेठो अन्तर्राष्ट्रिय विमानस्थल टीआइएको पटकपटक मर्मत र क्षमता अभिवृद्धि गरिँदै आएको छ। विसं २०७७ मा सो विमास्थलको धावनमार्ग विस्तार गरी तीन हजार तीन सय मिटर कायम गरिएको थियो। त्यतिबेला पनि बेलुका ६:०० देखि बिहान ६:०० बजेसम्म दैनिक १२ घण्टा उडान बन्द गरिएको थियो। तत्कालीन समयमा विमानस्थलको धावनमार्गको दक्षिणतर्फ (कोटेश्वर क्षेत्र रनवे जिरो-टु) विस्तार भएको थियो।

विसं २०७५ मा दैनिक १० घण्टा विमानस्थल बन्द गरेर झण्डै चार महिना अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग पूर्ण रूपमा मर्मत (कालोपत्र) गरिएको थियो। विमानस्थल मर्मतको अवधिमा आन्तरिक र अन्तर्राष्ट्रियतर्फ करिब ३० प्रतिशत उडान कटौती भएको थियो। विमानस्थल भएर आन्तरिकतर्फ ११ हेलिकप्टर कम्पनीसहित १९ हवाई कम्पनी र आन्तर्राष्ट्रियतर्फ तीन नेपालीसहित ३० हवाई सेवा कम्पनीले उडान गर्दै आएका छन्। काठमाडौँ विमानस्थलमा आन्तरिकमा दुईतर्फी तीन सयभन्दा बढी र अन्तर्राष्ट्रियतर्फ एक सय हाराहारी उडान हुने गरेका छन्।

### *अमेरिकामा ...*

उदाउँदो सूर्यलाई अर्घ दिएर छठ पर्व समापन गरिनेछ।

आयोजक मोहन यादवले विभिन्न स्थानमा छठको लागि ठाउँ चयन गर्नु परेकामा विगत केही वर्षदेखि नेपालीले स्थापना गरेको मन्दिरमा मनाउन पाउँदा खुसी लागेको बताउनुभयो। उहाँले बिहीबार व्रर्तालुले तीन दिनसम्म उपवास बसेर छठी माताको पूजा गरेका भन्दै यसमा युवा पुस्तालाई पनि सहभागी गराइएको जानकारी दिनुभयो।

यादवले भन्नुभयो, "हामीहरूले यो प्रवासी भूमिमा हाम्रो सनातन धर्मको मूल्य मान्यता र यसको वैज्ञानिक कारणसहित दोस्रो पुस्तालाई छठ मनाउन उत्प्रेरित गरिरहेका छौँ। अमेरिकामा नेपाली रहेको स्थानमा कतिपयले आफ्नै घरमा, समूहमा मिलेर तथा मन्दिरमा गएर छठ पर्व मनाउने गरेका छन्।"

### *जलवायु परिवर्तन ...*

६० प्रजातिका चराको अधिकांश हिस्सा कोइली प्रजातिको हुन्छ। नेपालमा पाइने १९ प्रजातिका कोइलीमध्ये १५ प्रजातिले त आफ्नो गुँड नै बनाउँदैनन् र आफ्नो अण्डा अरु चराको गुँडमा पार्दिन्छन्। उक्त चराले आफ्नै सन्तान ठानेर कोइलीको बच्चालाई हुर्काउँछ।

नेपाल आउने अन्यमा मुरलीचरी, गाजले सुनचरी, स्वर्गचरी, चित्रक पिट्टा, कटुस टाउके आदि रहन्छन्। ग्रीष्मकालीन आगन्तुक चराको मुख्य बासस्थान भने वन र यस आसपासका घाँसेमैदान तथा कृषि भूमि हुन्।

# 'नागरिकता कानुनलाई लैङ्गिक समानता हुने गरी संशोधन गरिनुपर्ने'

काठमाडौँ, २३ कात्तिक (रासस)।

नागरिकता कानुनलाई लैङ्गिक समानता हुने गरी संशोधन गरिनुपर्नेमा कानुनसँग सम्बन्धित अभियानकर्मीले जोड दिएका छन्।

महिला, कानुन र विकास मञ्चले शुक्रबार यहाँ आयोजना गरेको 'नेपालको नागरिकतासम्बन्धी कानुनमा लैङ्गिक समानताको प्रश्न?' विषयक छलफलमा सहभागीले संविधान र कानुनमा भएका व्यवस्था पनि प्रभावकारी रूपमा कार्यान्वयन नभएको बताएका हुन्।

नागरिकता समस्याका बारेमा मञ्चमा आबद्ध भएर काम गरिरहनुभएकी अधिवक्ता सुष्मा गौतमले नेपालको संविधान, २०७२ जारी भएको आठ वर्षपछि मात्रै संविधान अनुसार नागरिकतासम्बन्धी कानुनमा संशोधन भएको जनाउँदै अहिले पनि सबै मुद्दा सम्बोधन नभएको बताउनुभयो। अझै बाँकी रहेका विभेद्का विषयलाई नागरिकतासम्बन्धी कानुनबाट हटाउन सबैले पहल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

"कानुनले बाबु वा आमा पत्ता नलागेको व्यक्तिले वंशजको नागरिकता प्राप्त गर्छ भन्छ तर यो कानुनी व्यवस्था कार्यान्वयन हुन सकेको छैन। पछिल्लो पटक नागरिकता ऐन र नियमावलीमा संशोधन भएपछि सबै मुद्दा समेटिएको भनिए पनि व्यवहारमा कार्यान्वयन हुन सकेको छैन, सर्वोच्च अदालतले गरेको फैसलाका आधारमा पनि नागरिकता दिइएको छैन", अधिवक्ता गौतमले भन्नुभयो।

लैङ्गिक समानताका दृष्टिले संविधानको धारा ११ का ५, ६ र ७ नं बुँदामा उल्लेख भएका विषय विभेद्पूर्ण रहेका जानकारी पनि कार्यक्रममा गराइएको थियो। यस्ता विभेद्पूर्ण व्यवस्थालाई यथाशीघ्र संशोधनमार्फत टुङ्ग्याउनुपर्नेमा सहभागीले जोड दिनुभएको थियो।

अधिवक्ता बिनु लामाले विदेशीसँग विवाह गरेका छोराका सन्तानलाई वंशज र छोरीका सन्तानलाई अङ्गीकृत नागरिकता दिनेजस्ता विभेद्पूर्ण कानुनी व्यवस्था तत्काल संशोधन गरिनुपर्नेमा जोड दिनुभयो। विसं २०६३ मा बनेको नागरिकता कानुन विसं २०८० मा वर्तमान संविधान अनुसार संशोधन हुँदा पनि आमाको नामबाट दिने नागरिकताका सम्बन्धमा विभेद्पूर्ण व्यवस्था कायम रहेकाले संशोधन गरेर यस्ता विभेद् अन्त्य गरिनुपर्ने उहाँले बताउनुभयो।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणीय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढारहौं।

अनुरोधकर्ता
तिरहुत गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*